जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०
म.जि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ३९ अंक २१ २०७७ साल पुस ५ गते आइतवार (20 Dec 2020 Sunday) मूल्य रु. ७/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- नेपालको अन्तराष्ट्रिय सीमा अतिक्रमण गरेमा, सीमास्तम्भ हटाएमा वा ठाउँ परिवर्तन गरेमा पाँच वर्षसम्म कैद र पचार हजार रुपैयाँ सम्म जरिबाना हुने,
- नेपालको प्रतिनिधित्व गरी खेल खल्ने खेलाडीले खेलमा मिलेमतो (Match Fixing) गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुने,
- नेपाल विरुद्ध जासूसी गर्नेलाई पच्चीस वर्षसम्म कैद हुने,
- राष्ट्रिय गान, झण्डा वा निसान छापको अपमान वा क्षति गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- राष्ट्रिय विभूतिको अपमान गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र* – **पृष्ठ २ मा** : गरिब विपन्नलाई स्वास्थ्य ... **पृष्ठ ३ मा** : अन्तर्राष्ट्रिय आप्रवासी कामदार ... **पृष्ठ ५ मा** : महिला क्रिकेटमा सिरहा र ... **पृष्ठ ५ मा** : नयाँ वर्षमा भिडभाड ...

## उखु किसानको आन्दोलनमा किसानको धर्ना तथा युवा विद्यार्थीद्वारा जुलुस







**राजविराज**/उखु किसानहरुको जारि आन्दोलनप्रति जनता समाजवादी पार्टी नेपाल निकट किसान संघ र यूवा विद्यार्थीहरुले ऐक्यबद्धता जनाउँदै जिल्ला प्रशासन कार्यालय अगाडी धर्ना तथा जुलुस प्रदर्शन गरेका छन् ।

दिउँसो १२ बजेदेखि १ बजेसम्म सप्तरीका अगुवा किसानहरुले बिहीबार जिल्ला प्रशासन कार्यालय अगाडि एक घण्टा धर्ना बसेका हुन् ।

उखु किसानहरुको बक्यौता रकम भुक्तानी गर, धानको समर्थन मूल्य लागु गर, किसानलाई समयमा मल, खाद, बीऊ सहुलियत दरमा उपलब्ध गराउनुपर्ने मागसहित धर्ना बसेका हुन् ।

उखु किसानहरु आन्दोलनप्रति एक्यबद्धता जनाउँन दिइएको धर्ना कार्यक्रममा जसपा केन्द्रीय सदस्य दिनेश कुमार यादव, दिपेन्द्र चौधरी, बिशेश्वर रजक, पुनम यादव, जिल्ला अध्यक्ष हरेराम यादव, युवा नेता बिनोद कुमार यादव, बिद्यार्थी नेता शम्भु यादव, रंजित यादव लगायतको उपस्थिति रहेको थियो ।

यसैबीच बिहीबारै साँझ जनता समाजवादी पार्टी नेपाल निकटका यूवा विद्यार्थीहरुले किसान आन्दोलनको समर्थन तथा सरकारद्वारा ल्याइएको अध्यादेश लगायतका अन्य असबैधानिक क्रियाकलापको बिरोध गर्दै राजविराजमा प्रदर्शन गरेका छन् ।

स्थानिय शिवमन्दिरको प्राङ्गणबाट निस्केको जुलुस किसान आन्दोलनको समर्थन तथा सरकारबिरुद्ध चर्को नाराबाजी गर्दै बजार क्षेत्र परिक्रमा गरेका थिए ।

बजार क्षेत्र परिक्रममा पश्चात् आयोजित बिरोध सभामा बोल्दै यूवा विद्यार्थीहरुले किसानहरुको जायज माग पुरा गर्न तथा विवादास्पद अध्यादेश फिर्ता नलिए आन्दोलन चर्काउने चेतावनी दिएका छन् ।

## सरकारको सर्वसत्तावादी अहंकारले मुलुक द्वन्दतर्फ उन्मूख : जसपा वरिष्ठ नेता राई



**राजविराज**/जनता समाजवादी पार्टीका वरिष्ठ नेता अशोक राईले सरकारको सर्वसत्तावादी र अहंकारकावादी प्रबृतीका कारण अहिले मुलुक द्वन्दतर्फ उन्मूख भएको आरोप लगाएका छन् ।

जनता समाजवादी पार्टी सप्तरी निर्वाचन क्षेत्र नं. १ द्वारा बलुवामा आयोजित कार्यकर्ता भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै उनले सो आरोप लगाएका हुन् ।

कार्यक्रममा बोल्दै वरिष्ठ नेता

***बाँकी पाँच पृष्ठमा***

## सरकारबिरुद्ध काँग्रेसको प्रदर्शन




**राजविराज**/नेपाली काँग्रेस सप्तरीले सोमबार राजविराजमा विशाल प्रदर्शन गरेको छ ।

जिल्ला कार्यसमितीको अगुवाइमा गरिएको सरकार बिरुद्धको प्रदर्शनमा भातृ संगठन, स्थानिय तहका पार्टी समिति र जिल्लास्थित शुभेच्छुक संघ संस्थाका प्रतिनिधिका साथै ठुलो संख्यामा सर्वसाधारण समेत सहभागि थियो ।

स्थानिय राजरंगशालाबाट निस्केको जुलुस सरकारबिरुद्ध चर्को नाराबाजी गर्दै बजार क्षेत्र परिक्रममा गरेका थिए । नगर परिक्रमा पश्चात् आयोजित बिरोध सभालाई सम्बोधन गर्दै काँग्रेस नेतृ चित्रलेखा यादवले ओली नेतृत्वको सरकार अधिनायक तर्फ अघि बढेको भन्दै यसलाई रोक्न काँग्रेस सडकमा ओर्लेको बताईन् ।

केपी ओली नेतृत्वको सरकारले लोकतन्त्र र प्रजातन्त्र नै सिध्याउन लागेको भन्दै उनले जनताको बलिदानबाट प्राप्त उपलब्धी गुम्न नदिन काँग्रेस संघर्षको मोर्चामा अघि बढेको बताइन् ।

देशमा हत्या, हिंसा र बलात्कारका घटना ह्वात बढ्दा पनि सत्ताको खेलमा रमाउने वर्तमान सरकार संविधानको धारा समेत कुल्चेर एकपछि अर्को विभिन्न निर्णय गरेको उनको आरोप छ । वर्तमान सरकार दुई तिहाईको दम्भ देखाउँदै अघि बढेको उनले थपिन्, काँग्रेसले आन्दोलनमार्फत नै सरकारको घमण्ड तोडेरै छोड्ने छ ।

नेपाली काँग्रेस सप्तरीका सभापति दिनेश कुमार यादवको अध्यक्षतामा आयोजित बिरोध सभामा अन्य सहभागि वक्ताहरुले ओली सरकारको क्रियाकलाप अधिनायकतर्फ अघि बढेको भन्दै आन्दोलनमार्फत नै तह लगाउने चेतवानी दिएका थिए ।


## बालिका बलात्कार गर्नेलाई कैद र जरिवाना

**राजविराज**/सप्तरी जिल्ला अदालतले बालिका बलात्कारको आरोपमा पक्राउ परेकालाई कैद र जरिवानाको फैसला गरेको छ ।

सप्तरी जिल्ला अदालतका न्यायाधीश नारायणप्रसाद दाहालको इजलासले सो कैद र जरिवाना फैसला सुनाएको हो ।

जिल्लाको शम्भुनाथ नगरपालिका ५ मोहनपुर निवासी ४० वर्षीय गेनाइ राम चमारलाई बालिकालाई बलात्कारको आरोपमा अदालतले ८ वर्ष कैद र १० हजार जरिवानाको फैसला गरेको छ ।

जिल्लाको शम्भुनाथ नगरपालिका २ मा काठको फर्निचर पसल संचालन गरी बसेका चमारले १३ वर्षीया बालिकालाई ललाइफकाई पटक-पटक बलात्कार गरी गर्भवती बनाएका थिए । पीडितकी आमाले जिल्ला प्रहरी कार्यालयमा २०७४ फागुन २० गते उजुरी दिएपछि उनी पक्राउ परेका थिए ।




नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## सम्पादकीय

# उखु किसानप्रति गम्भिर बन सरकार

विगतका केही वर्षदेखी उखु किसानहरु निकै नै पीडामा रहेका छन् । साहु महाजन तथा बैंकबाट ऋण लिएर उखु खेती गर्दै आएका उनीहरु समयमा भुक्तानी नपाउँदा समस्यामा परेका हुन् । उखु उत्पादन गरेर उनीहरु सोउखु बिक्रिका लागि चिनी मिलमा दिने गर्दछन् । तर, चिनि मिल संचालकले भने किसानहरुको भुक्तानी दिन आलटाल गर्छन् । पाँच पाँच वर्षदेखी भुक्तानी नपाएका कतिपय किसानहरुको घर लिलामी समेत परेको छ । हालसम्म उखु किसानहरुको झण्डै ९० करोड रकम भुक्तानी हुन बाँकी छ । सोही भुक्तानीका लागि अहिले उनीहरु राजधानी काठमाडौंमा आन्दोलनरत छन् ।

यसअघि गत वर्ष पनि आन्दोलित भएका उनीहरु सरकारी आश्वासन पाएपछि घर फिर्ता भएका थिए । केही महिनामै सम्पूर्ण बाँकी बक्यौता पाउने सरकारी सहमति कागजमै सिमित भएपछि उनीहरु पुनः यस पटक आन्दोलनको सरुवात गरेका हुन् । यस भने कुनै आश्वासन नभएर नगर्दै पाउने गरि आन्दोलनमा छन् उनीहरु ।

तसर्थ उखु किसानहरुको समस्याप्रति राज्य गम्भिर हुनुपर्दछ । नेपालका सम्पूर्ण जनता बराबर हुन् । उनीहरुको समस्यालाई प्राथमिकतामा राखेर सरकारले सक्दो आश्वासन नदिएर नगदै भुक्तानीको व्यवस्था मिलाउनुपर्दछ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# गरिब विपन्नलाई स्वास्थ्य सामाग्रि बितरण



**राजविराज**/विपन्न तथा गरिबलाई कोरोना भाइरसको संक्रमण तथा चिसोबाट बच्नका लागि स्वास्थ्य सामग्री निःशुल्क वितरण गरिएको छ ।

अमेरिकामा रहेका तराई क्षेत्रका नेपालीहरुको संगठन आन्टाको सहयोगमा राजदेवी युवा समाज राजविराजले विपन्न र गरिबलाई स्वास्थ्य सामग्री वितरण गरेको हो ।

राजदेवी युवा समाजले राजविराज नगरपालिका वडा नम्बर ६, ९, ११ र १२ का झण्डै ४ सय ५० दलित तथा गरिब परिवारलाई डिटोल साबुन २ पिस, मास्क ४ पिस, भिटामिन कम्पलेक्स सिरप १ र १ थान थर्मामिटर वितरण गरिएको जनाइएको छ ।

यसअघि बुधवार पनि राजविराज नगरपालिका ११ झलही र राजविराज १२ सिंग्यौन लभका टोल का झण्डै १ सय ७६ परिवारलाई डिटोल साबुन २ पिस, मास्क ४ पिस, भिटामिन कम्पलेक्स सिरप १ र १ थान थर्मामिटर वितरण गरिएको थियो ।

वितरण समारोहमा उपस्थित भएका राजदेवी यूवा समाजका तर्फबाट यूवा अभियन्ता सुजित मण्डल, बसन्त यादव लगायतले कोरोना भाइरसबाट कसरी जोगिने र हात धुने तरिकाबारे सर्वसाधारणलाई जानकारी गराएका थिए ।

# लैङगिक हिंसा सम्बन्धी तालिम सम्पन्न



**राजविराज**/लैङगिक हिंसा सम्बन्धी तीन दिने तालिम शनिवार सम्पन्न भएको छ ।

लैङगिक हिंसा न्युनिकरण परियोजना अर्न्तगत सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका वडा नं. १ स्थित तिलाठीमा शनिबार सो तालिम सम्पन्न भएको हो ।

सेभ द चिल्ड्रेनको सहयोग तथा सेभ द सप्तरीले आयोजना सम्पन्न तालिममा तिलाठी कोइलाडी गाउँपालिका अर्न्तगतका अधारभुत बिद्यालयका प्रअ तथा शिक्षा संयोजक र वडा अध्यक्षहरुलाई सहभागिता रहेको सेभ द सप्तरीका लेङगिक हिंसा न्युनिकरण कार्यक्रम संयोजक संतोष यादवले जानकारी दिएका छन् ।

तिलाठी कोइलाडी गाउँपालिका वडा नं. १ का वडा अध्यक्ष दिनेश्वर मिश्रको अध्यक्षतामा सम्पन्न भएको तालिममा अर्जुन कुमार यादवले प्रशिक्षण दिएका थिए ।

# वेपत्ता बालकको शव फेला

**राजविराज**/सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाका वेपत्ता भएका एक बालकको शव फेला परेको छ ।

बिहीबार वेपत्ता भएका सो गाउँपालिका वडा नं. ३ सकरपुरा निवासी रोहित मुखियाका ५ वर्षिय छोरा आनन्दको मृत शरीर शुक्रबार दिउँसो घरबाट पाँच सय मिटर टाढा रहेको आँपको बगौचामा पराल र आँपको हांगाले छापेर राखेको अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

अबेर साँझसम्म छोरा घर नफर्किएपछि चिन्तित बनेका बुबा रोहितले राती १० बजेतिर प्रहरीलाई खबर गरे लगत्तै खोजतलास गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी भुवनेश्वर साहले बताए ।

उनका अनुसार बालकलाई स.१त. ७७५२ नम्बरको गाउँकै ट्याकटरले ठक्कर दिएर मारेको प्रारम्भिक अनुसन्धानबाट खुलेको बताए । गाउँमै माटो ओसारपोसार गर्ने काममा लागेका सो ट्याक्टर घटनाका दिन सोही क्षेत्रमा ओहोरदोहोर गरेको सूचनाको आधारमा गहिरो अनुसन्धान थाल्दा सत्यतथ्य खुलेको प्रहरीको भनाई छ ।

ट्याक्टरलाई नियन्त्रणमा लिइसकिएको छ भने पहिचान भइसकेका चालक हाल फरार रहेको उनले जानकारी दिएका छन् ।

## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरूले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

# अन्तर्राष्ट्रिय आप्रवासी कामदार दिवस : श्रमिक र तिनका परिवारको हक अधिकार सुनिश्चित भएको खै ?

*महेश्वर नेपाल*

आज डिसेम्बर १८ अर्थात अन्तर्राष्ट्रिय आप्रवासी कामदार दिवस । नेपालसहित विश्वभर विभिन्न कार्यक्रम आयोजना गरी यो दिवस मनाउने गरिन्छ । सन् १९९० को दशकमा संयुक्त राष्ट्रसंघले अन्तर्राष्ट्रियस्तरमा आप्रवासी कामदार र तिनको परिवारको हक अधिकारका लागि संयुक्त रुपमा आवाज उठाउने गरी १९९० को डिसेम्बरमा महासन्धी पारित गऱ्यो ।

रोजगारी र जीविकोपार्जनका लागि परदेश जानेहरु जुन देशमा पुगेका छन्, त्यही देशको कानुन अनुसार उनीहरुले पनि सेवा सुविधा पाउनुपर्ने राष्ट्रसंघको सन्धीले व्यवस्था गरेको छ । त्यही अवसर पारेर सन् २००० देखि हरेक वर्ष १८ डिसेम्बरलाई अन्तर्राष्ट्रिय आप्रवासी दिवस भनेर मनाउन थालिएको हो ।

नेपालीहरु पनि रोजगारीका सिलसिलामा संसारका विभिन्न कुनामा पुगेका छन् । धेरै बाध्यताले परदेशिएका छन् त कोही लहैलहैमा लागेर त कोही परदेशमा निकै कमाउने मिठो सपना बोकेर ।

तर जसरी गए पनि परदेशिने सबैको उदेश्य त एउटै हुन्छ, 'परदेशमा कमाउने ।' तर देश छाडेर कमाउन भन्दै परदेशिएका धेरै जना असुरक्षित तबरले परदेश पुगेका छन् । सरकारी तथ्याँक हेर्ने हो भने संसारका एक सय ९० देशमा नेपालीहरु रोजगारीका लागि पुगेका छन् । यी ठाउँमा कतिपय नेपाली व्यापार व्यवसाय पनि गरेर बसेका छन् ।

तर जसरी नेपालीको वैदेशिक रोजगारी सुरक्षित र भरपर्दो हुनुपर्ने हो, त्यसो हुन सकेको छैन । जाने क्रममा मात्र होइन, गन्तव्य देशमा पुगेपछि पनि नेपाली श्रमिक ठगीमा परेका छन् । कतिपय बिचल्लीमा परेर रित्तो हात फर्किएका छन् त कतिपय कमाएर नै फर्किएका छन् ।

तर भएको के छ भने वैदेशिक रोजगारीमा श्रमिक पठाउने व्यवसायी र एजेण्टहरु सुध्रिएका छैनन् । विभिन्न देशमा शून्य लागतमा श्रमिक जान पाउने गरी श्रम समझदारी भए पनि म्यानपावर र तिनका प्रतिनिधिले श्रमिकसँग खाडीकै देश पठाउन पनि लाखौं रुपैयाँ लिएकै छन् ।

नेपालीका लागि बाध्यता बनेको वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउने भनेर सरकार लागि परेको पनि धेरै भइसक्यो । तर नतिजा आजका दिनमा पनि शून्य छ ।

वैदेशिक रोजगारीबाट नेपाली श्रमिकले पठाएको रेमिट्यान्सले नै देशको आधा अर्थतन्त्र चलेको छ । तर देशको अर्थतन्त्रको आधा हिस्सा ती श्रमिकको रोजगारीलाई सुरक्षित बनाउनु सरकारको दायित्व होइन र ?

भिजिट भिसामा रोजगारीमा पठाउने भन्दै ठगी गरेकै छन् । बेलाबेलामा नियामक निकायले अनुगमन र कारबाही गरेको सुनिन्छ । त्यो मात्र गर्नका लागि मात्रै गरेको हो या साँच्चै भएको हो विश्वास गर्न गाह्रो छ ।

यदि साँच्चै कडा अनुगमन र नियमन हुने हो भने त सोझा श्रमिकसँग म्यानपावरले लाखौं लिने गरेको वास्तविकता छर्लङ्ग छ नि । किन कारबाही हुन सकेको छैन ?

शून्य लागतमा नेपाली श्रमिक लैजान रोजगारदाता तयार छन् र नेपाल सरकारसँग समझदारी गरेको शून्य लागतको नीति पालना पनि गरेका छन् । तर यता भने म्यानपावरहरुले यो नीति पालना गरेको देखिन्न । उता रोजगारदाता कम्पनीसँग पनि सेवा शुल्क लिने र यता श्रमिकसँग पनि लिने गरेको पाइन्छ । जसको कारण श्रमिकहरु ठगीमा परिरहेका छन् ।

त्यो मात्र गर्नका लागि मात्रै गरेको हो या साँच्चै भएको हो विश्वास गर्न गाह्रो छ । यदि साँच्चै कडा अनुगमन र नियमन हुने हो भने त सोझा श्रमिकसँग म्यानपावरले लाखौं लिने गरेको वास्तविकता छर्लङ्ग छ नि ।

कोरोना कहरका कारण ९ महिनादेखि वैदेशिक रोजगारीको क्षेत्र पनि प्रभावित भएको छ । कयौं कम्पनीहरुले श्रमिक कटौती गरेर घर फिर्ता पठाए । यतिबेला हजारौं श्रमिक रोजगारी गुमेर स्वदेशमै के गर्ने, के नगर्ने अन्यौलग्रस्त अवस्थामा छन ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सबै स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरुलाई पत्र लेख्दै भारतसहित अन्य देशबाट कोभिडका कारण रोजगारी गुमाएर स्वदेश फर्किएका १८ वर्षदेखि ५९ वर्ष उमेर समूहकाहरुको लगत संकलन गरेर पठाउन भनेको छ ।

राज्यले लगत संकलनसहित त्यसरी फर्किएका युवाहरुलाई स्वदेशमै उत्पादनशील क्षेत्रमा लगाएर उनीहरुको सीप र जागरको उचित मूल्य दिन सके देश सम्बृद्धितिर जान धेरै समय लाग्दैन ।

यिनै युवाहरुले खाडी र मलेसिया लगायतका देशहरुलाई विकसित बनाए । त्यहाँ सुशासन छ । कुन समयमा, के काम गर्ने र त्यसको समय अबधि कति रहने प्रष्ट भिजनसहित सबै काम समयमै सम्पन्न हुन्छन् । यदि ठेकेदारले समयमै काम सम्पन्न गर्न सकेनन् भने चर्को जरिबाना तिर्नुपर्ने हुन्छ ।

हाम्रोमा त्यस्तो कुनै अभ्यास नै छैन । दुई किलोमिटर बाटो खन्न पनि सयौं वर्ष लाग्छ । हामीले कुनै कामका लागि कुनै निकाय धाउँदा पनि त्यो काम तत्कालै हुँदैन । बजार जाउ महंगी उस्तै छ । जसको कारण पनि स्वदेशमै केही गर्छु भनेर आएका युवा रोजगारीको लागि फेरि अर्को देश जान तयार भएर बसेका हुन्छन् ।

एकपटक ठगिएको व्यक्ति फेरि ठगिन पछि पर्दैन । म किन ठगिएँ भनेर सोच्न सक्दैनन् । जसको फाइदा उठाएर एजेण्टले अनेक प्रलोभन देखाएर सेटिङमा फेरि खाडीका देशहरुमा भिजिट भिसामा नेपालीहरु पठाउन थालिसकेका छन् ।

हामीले कुनै कामका लागि कुनै निकाय धाउँदा पनि त्यो काम तत्कालै हुँदैन । बजार जाउ महंगी उस्तै छ । जसको कारण पनि स्वदेशमै केही गर्छु भनेर आएका युवा रोजगारीको लागि फेरि अर्को देश जान तयार भएर बसेका हुन्छन् ।

केही समय पहिले कतार प्रहरीमा पठाउने भन्दै केही म्यानपावर कम्पनीहरुले कामदार छनौट गरिरहेको अवस्थामा वैदेशिक रोजगार विभागले छापा हान्यो । अधिकांश नेपाल प्रहरी र नेपाली सेनाका जागिरेहरु त्यहाँ भेटिए । कतार सरकार आफैंले शून्य लागतमा श्रमिक झिकाउने रणनीति लिए पनि त्यहाँ जाने अधिकांशले ४ लाखदेखि १२ लाख रुपैयाँसम्म तिर्न तयार भएको कुरा बाहिरियो ।

अझै अचम्मको कुरो त कतार प्रहरीका उच्च ओहोदाका व्यक्तिहरु आएर अन्तरवार्ता लिइरहेका रहेछन् । जबकी ती म्यानपावर कम्पनीहरुले अन्तरवार्ता पूर्व लिनुपर्ने स्वीकृतिहरु केही लिएका नै थिएनन् ।

अहिले म्यानपावर व्यवसायी र एजेण्टहरुले भिजिट भिसामा यूरोप र यूएईका देशहरुमा नेपालीहरुलाई पठाइरहेको र यसमा विमानस्थलका कर्मचारीहरुको मिलेमतो भएको भन्दै कारबाही भएको समाचार पनि बाहिरियो । यसरी अबैध बाटोबाट विदेश पुगेका श्रमिकहरुले ती देशमा गैसकेपछि केही समस्या आइपरेमा कानुनी उपचार पाउन कठिन छ ।

सही तरिकाले परदेश गयो भने भोलिका दिनमा केही भैपरी आउँदा पनि न्याय पाउन सजिलो हुन्छ । सरकारले पनि त्यसको दायित्व लिन्छ ।

यतिबेला धेरै देशहरुमा कोरोना भाइरसका कारण कामहरु ठप्प छन् । भएका कामदारहरुलाई समेत कटौती गरिरहेको अवस्थामा भिजिट भिसामा गएर रोजगारी पाउँछु भन्ने मानसिकता त्याग्न जरुरी छ । यसरी जान हुँदैन भनेर सरकारले पनि श्रमिकलाई बुझाउन आवश्यक छ ।

विदेश जाने नै हो भने आफू जाने देश, गर्ने काम र आफूसँग के सीप छ, त्यसअनुसार जान आवश्यक छ । आफ्नो हातमा सीप भयो भने काम पाउन र त्यही अनुसारको दाम पाउन पनि सजिलो हुन्छ ।

सही तरिकाले परदेश गयो भने भोलिका दिनमा केही भैपरी आउँदा पनि न्याय पाउन सजिलो हुन्छ । सरकारले पनि त्यसको दायित्व लिन्छ ।

आज हामी आप्रवासी श्रमिक र तिनका परिवारको हक अधिकार सुनिश्चितताका लागि यो दिवस मनाइरहेका छौं । दिवस मनाइरहँदा हामीले हाम्रो ठाउँबाट यसलाई सुरक्षित र मर्यादित बनाउन के गऱ्यौं भनेर सोच्न जरुरी छ ।

सरकारले आफ्ना नागरिकको वैदेशिक रोजगारीलाई सुरक्षित बनाउन ल्याएका नीति र नियमहरुलाई कडाइका साथ कार्यान्वयन गर्नुपर्छ भने यसमा प्रत्यक्ष संलग्न हुने म्यानपावरले पनि सही तरिकाले आफ्नो भूमिका निभाउन आवश्यक छ ।

*उज्यालो अनलाइन*


## हमरा सभक ऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

## तिरहुत गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी


# माछा मार्ने विषयमा झडप हुँदा एक महिलाको मृत्यु

**राजविराज**/दुई पक्षबीच सार्वजनिक पोखरीमा माछा मार्ने विषयमा विवाद हुँदा भएको झडपमा एक महिलाको मृत्यु भएको छ ।

सप्तरीको बोदेबरसाईन नगरपालिकामा आइतबार राती उत्पन्न विवादले उग्ररुप लिएपछि भएको झडपमा सोही नगरपालिका ३ की ४५ वर्षीया गंगियादेवी मण्डलको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

उनलाई झडपका क्रममा टाउँकोमा गम्भिर चोट लागेका कारण घटनास्थलमै मृत्यु भएको प्रहरीको भनाई छ ।

माछा मार्ने विषयमा आइतबार राती १० बजेतिर दुई पक्षबीच भएको विवादका क्रममा एक बन्चरो, भाटा लगायतका घरेलु हतियारले प्रहार गरिएको थियो ।

झडपमा सोही वडाका जयनारायण मण्डल, सोबिन्द्र मण्डल, धिरज मण्डल र जोगिन्द्र मण्डल घाइते भएका छन् ।

यता घटनामा संलग्न रहेको आरोपमा प्रहरीले सोही वडाका शिवशरण मण्डल, बिजय मण्डल, सुरेन्द्र मण्डल र रबित मण्डललाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।


## सूचना

हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रूपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ । यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# रुपनी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

रुपनी, सप्तरी
प्रदेश नं. २, नेपाल

प.स : २०७७।०७८ ☎ ०३१-४५००३५

च.नं : मिति : २०७७।०८।३०गते

## च्यापकटर मेसिन खरिद सम्वन्धि सिलबन्दी बोलपत्र आह्वानको सुचना

**प्रथम पटक प्रकाशित मिति २०७७।०८।३०गते**

प्रस्तुत बिषयमा यस गाँउपालिकाको आ.व.२०७७।०७८ को पशुपंक्षी विकाश शाखाको स्वीकृत बार्षिक कार्यकम तर्फ ५०% अनुदानमा च्याफकटर मेसिन वितरण तथा ढुवानीका लागि रकम विनियोजन भए बमोजिम शिलवन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक ईजाजत प्राप्त फर्म,संस्था,पसल,कम्पनी तथा सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको सीलवन्दी दरभाउ आह्वान गरिएको छ ।

**शर्तहरु :**

१. दरभाउ प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५दिन भित्र यस कार्यालयको राजस्व शाखामा रु.१०००।- (अक्षेरुपी एक हजार रुपैया मात्र) पछि फिर्ता नहुने गरी बुझाई अध्यावध्कि नविकरण भएको ईजाजतपत्र, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी तथा कालो सुचिमा नरहेको स्वघोषणा संलग्न राखी सम्बन्धित फर्म, संस्था,पसल, कम्पनि तथा सप्लायर्सहरु वा अधिकार प्राप्त प्रतिनिधिले यस कार्यालयका पशुपंक्षी विकाश शाखाबाट दरभाउ सम्वन्धि कागजात (Tender Document) खरिद गर्न सकिनेछ ।

२. खरिद भएको दरभाउपत्रमा उल्लेख भएका सबै विवरणहरु प्रस्टसँग भरी सम्बन्धित फर्म, संस्था, पसल,कम्पनि तथा सप्लायर्सहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिले प्रत्येक पानामा सहीछाप गरी खाममा सिलबन्दी गरी सो खाम बाहिर नाम, ठेगाना, सूचना नं. र कामको नाम प्रष्ट सँग लेखी १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नुपर्ने छ । दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० बजे उपस्थित दरभाउदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउदाताहरु वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. दरभाउ धरौटी बापतको रकम यस गाउँपालिका कार्यालयको ग्लोबल आईएमई बैंक रुपनी शाखामा रहेको धरौटी खाता नं. R६०४०१००००००५ मा नगद जम्मा गरी सोको सक्कलै बैंक भौचर वा सो रकम बराबरको नेपाल राष्ट्र बैकबाट ईजाजत प्राप्त बैंकबाट यस गाउँपालिका कार्यालयको नाममा जारी गरिएको विडवण्ड (बोलपत्र खोलेको मितिले कम्तिमा १२० दिन अवधि भएको) पेश गर्नु पर्नेछ । फाईनान्स कम्पनीबाट जारी भएको विडवण्ड मान्य हुने छैन ।

४. दरभाउ शर्त रहित, केरमेट नभएको, कार्यालयबाट उपलब्ध गराएको दरभाउ पुस्तिकामा नै कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनु पर्नेछ । समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाको शर्त विपरित भएको दरभाउ माथि कारवाही हुने छैन ।

५. दरभाउपत्र भर्दा दररेट स्पष्ट रुपमा भर्नु पर्नेछ । अक्षर र अंकमा फरक पर्न आएमा अक्षरमा उल्लेखित दरलाई आधार मानी जम्मा रकम कायम गरिनेछ ।

६. दरभाउ खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा विदा लगत्तै कार्यालय खुलेको दिन कायम गरी उक्त कामहरु हुनेछ ।

७. दरभाउ सम्बन्धि थप जानकारी लिन परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

८. प्रचलित कानुन बमोजिम तोकिएको आधारहरु पुरा नभएको, रित नपुगेको, म्याद भित्र दर्ता नभएको र यस सूचना एवं दरभाउ सम्बन्धि कागजातमा उल्लेखित शर्तहरु पुरा नभएको दरभाउ उपर कारवाही हुने छैन ।

९. दरभाउपत्रबाट खरिद गर्ने विउको न्युनतम मापदण्डको विवरण दरभाउ फारम साथ संलग्न हुनेछ ।

१०.अन्य थप यस सूचनामा नसमेटिएको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

११.एक फर्म, पसल,कम्पनि वा निर्माण व्यवसायीको नाममा खरिद भएको दरभाउपत्र फारम अर्को फर्म, संस्था,पसल, कम्पनि तथा सप्लायर्सको नामबाट दाखिला गर्न पाइने छैन ।

१२.दरभाउपत्र साथ पेश गर्ने कागजातहरुको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ ।

१३.कुनै कारण नजनाई आंशिक वा पुरै दरभाउ स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिका कार्यालयमा सुरक्षित रहनेछ ।

१४.प्रकाशित सूचनामा कुनै संशोधन गर्नु पर्ने भएमा सोको जानकारी यस कार्यालयको सूचना पाटी वा Website मार्फत गराईनेछ ।

**तपशिल**

| सि.नं. | सिलबन्दी दरभाउपत्र नं. | कामको नाम र विवरण | स्वीकृत वार्षिक रकम | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | पशु/०१/०७७/०७८ | च्याफकटर मेसिन खरिद तथा ढुवानी समेत | रु १०,००,०००। | रु २५,०००।- | ५०% अनुदानमा |

रेणुका शाह
(प्रमुख प्रशासकिय अधिकृत)

# महिला क्रिकेटमा सिरहा र महोत्तरी फाइनलमा भिड्दै



**राजबिराज**/प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि राजबिराजमा संचालित प्रदेश स्तरीय महिला क्रिकेट प्रतियोगिता अर्न्तगत शनिबार सम्पन्न खेलमा सिरहा र महोत्तरी बिजयी भएको छ। दुबै टिम आईतवार हुने फाईनलमा प्रतिष्पर्धा गर्ने छन्।

सम्पन्न पहिलो खेलमा सप्तरीलाई बाराले १० बिकेट तथा सर्लाहीलाई महोतरीले ९ बिकेटले पराजित गरि फाइनल खेलमा आफ्नो स्थान सुरक्षित गरेको हो।

पहिलो खेलमा सप्तरीले टसजिती पहिलो ब्याटिंग गर्दै निर्धारित २० ओभरको खेलमा ६ बिकेट गुमाई ९३ रनको योगफल बनाएकाभरे थियो। सप्तरीका लागि अन्जली चौधरीले १८ तथा श्रृजना चौधरीले अविजित ११ रनको योगदान दिएका थिए। बलिङतर्फ बाराका साना प्रबिनले २ बिकेट तथा प्रियंका गुप्ता र निशा गिरीले १/१ बिकेट लिएका थिए।

९४ रनको लक्ष्य लिई मैदानमा ओर्लेको बाराले ६ ओभर ६ बलमा बिना कुनै बिकेटको नोक्सानीमा प्राप्त गरेका थिए। बाराका लागि रचना अर्याल ३० तथा प्रतिमा साहले ३३ रनको योगदान दिएका थिए। दुवै खेलाडि अविजित रहेका थिए। खेलको म्यान अफ द म्याच बाराका प्रतिमा साह भएका थिए।

यस्तै सोही दिन सम्पन्न दोश्रो खेलमा सर्लाहीले निर्धारित २० ओभरको खेलमा १८ ओभर २ बलमा सम्पुर्ण बिकेट गुमाई ८८ रनको योगफल तयार पारेको थियो। यता बलिङतर्फ रोजि कडारीले ३ बिकेट तथा बिमला मगर, पुष्पा फुयाल र शोभा आलेले सामान २ बिकेट लिएका थिए।

८९ रनको लक्ष्य लिई मैदानमा ओर्लेको महोतरीले उक्त लक्ष्य सजिलै १० ओभर ४ बलमा १ बिकेटको नोक्सानीमा प्राप्त गरेका थिए। महोतरीका लागि गोमा आलेले उत्कृष्ट ब्याटिंग गर्दै ३९ बलमा ९ चौक्काको मद्धतले अविजित ५२ रनको योगदान दिएका थिए भने रोजी कडारी १६ रनमा अविजित रहेका थिए। एक मात्र बिकेट सर्लाहीका दुर्गा कार्किले लिएका थिए। खेलको म्यान अफ द म्याच उत्कृष्ट ब्याटिंग गरे वापत गोमा ओले भएका थिए।

## *सरकारको सर्वसत्तावादी ...*

राईले कम्युनिष्ट सरकारको सर्वसत्तावादी तानाशाही प्रवृत्तिले मुलुक संकटको दिशातर्फ उन्मुख हुदै गएको बताए। कम्युनिष्ट सरकारले संबिधानलाई समेत खिल्ली उडाएको चर्चा गर्दै नेता राईले त्रुटीपुर्ण संबिधानको फाईदा उठाउदै दण्डहिनतालाई शरण दिएको जिकिर गरे।

जनता समाजवादी पार्टी क्षेत्र नम्बर १ (क)का क्षेत्रीय संयोजक माधव चौधरीको अध्यक्षतामा आयोजित कार्यक्रममा केन्द्रिय कार्यकारिणी समिति सदस्य एबम श्रम तथा रोजगार बिभाग प्रमुख राजकुमार लेखी, केन्द्रिय कार्यकारिणी समिति सदस्य शुशिला श्रेष्ठ, सप्तरी निर्वाचन क्षेत्र नम्बर १ का प्रतिनिधि सभा सदस्य डा. सुर्य नारायण यादव, केन्द्रिय सदस्य एबम पुर्व साँसद सुर्यनाथ यादव, केन्द्रिय सदस्यहरु बिनोद चौधरी, जगदेव यादव, महेन्द्र चौधरी, श्यामसुन्दर सरदार, कल्पना चौधरीले मन्तव्य व्यक्त गर्दै पार्टी संगठन निर्माणमा एकताबद्व भएर लाग्नुपर्नेमा जोड दिए।

## हात्तिपीडितलाई राहत

**राजविराज**/सप्तरीको सुरुङ्गा नगरपालिकाले जंगली हात्ती पीडित ३६ दलित परिवारलाई राहत बितरण गरेको छ।

नगरपालिकाका प्रमुख मुक्तिनाथ चौधरीले वडा नं. १ चहका टोलका ३६ जंगली हात्ती पीडित दलित परिवारलाई राहत बितरण गरेका हुन्।

पीडित प्रतिपरिवार २५ किलो चामल, भुजा पाँच किलो, खाने तेल एक लिटर, नून एक किलो, दाल दुई किलो, कम्बल एक थान वितरण गरिएको छ।

केही दिनअघि कोशीटप्पु

*बाँकी अन्तिम पृष्ठमा*


## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


# अन्तर्राष्ट्रिय समाचार

## नयाँ वर्षमा भिडभाड र समारोह नगर्न विश्व स्वास्थ्य संगठनको आग्रह

**कोपेनहेगन**/विश्व स्वास्थ्य संगठनले युरोपका देशमा आगामी नयाँ वर्षका अवसरमा दिइने विदाको समयमा भीडभाड नगर्न र कुनै समारोहरु नगर्न सुझाव दिएको छ। युरोपका देशमा आगामी नयाँ वर्षको अवसरमा विदा मनाउनका लागि नागरिकले ठूलो संख्यामा उपस्थित हुने र समारोह गर्ने भएकोले त्यसो नगर्न आग्रह गरेको हो।

यदी त्यसो गरिएमा युरोपेली देशमा अहिले पनि महामारी देखिएको र त्यो महामारीले सबैलाई प्रभाव पार्न सक्ने चेतावनी पनि विश्व स्वास्थ्य संगठनले चेतावनी दिएको सो समाचारमा जनाइएको छ। विश्व स्वास्थ्य संगठनका युरोप क्षेत्रीय निर्देशक ह्यान्स कलगले शनिबार एक विज्ञप्ति प्रकाशन गरेर सो कुरा जनाउनुभएको हो।

उहाँले अहिले पनि युरोपका कतिपय देशमा महामारीको दोस्रो लहर आएको र यसले गर्दा युरोपका देशमा मानसिक स्वास्थ्यको अवस्था देखिएकोले सजगता अपनाउन भन्नुभएको हो।

उहाँले आगामी नयाँ वर्षका अवसरमा युरोपमा पहिलेका वर्षमा जस्तै बिदा मनाउने क्रममा पहिलेका वर्षमा जस्तै ठूलो संख्यामा उपस्थित हुने र समारोह गर्ने गर्नाले कोरोना भाइरसको महामारी झनै विस्तारित हुनसक्ने बताउनुभएको हो।

युरोपका निर्देशक ह्यान्सले शनिबार भन्नुभएको छ युरोपमा पछिल्लो समयमा यो महामारी झनै ठूलो मात्रामा बृद्धि भइरहेकोले अहिले झनै सतर्कता र सजगता अपनाउनुपर्ने आवश्यकता छ।

उहाँले युरोपमा मात्र दुई करोड ३० लाखभन्दा बढी नागरिक यो महामारीबाट सङ्क्रमित भएका छन् भने यस महामारीका कारण पाँच लाखभन्दा पनि बढी मानिसको ज्यान गएको पनि बताउनुभएको छ। उहाँले यो चिसोको मौसममा युरोपेली देशमा पहिलेको भन्दा अझ बढी सतर्कता अपनाउनुर्ने पनि बताउनुभएको समाचारमा जनाइएको छ। एजेन्सी

## वासिङ्टनमा मार्च ३१ सम्म स्वास्थ्य संकटकाल

**वासिङ्टन**/अमेरिकाको वासिङ्टन डिसीमा स्वास्थ्य सङ्कटकालको समयावधि लम्व्याइएको छ। स्वास्थ्य सङ्कटकाल आगामी मार्च ३१ सम्मका लागि कायमै राख्ने निर्णय भएको मेयरको कार्यालयले जनाएको छ।

"आज मेयर मुरिएल बोसेरले एउटा आदेश जारी गर्दै कतिपय गतिविधिमा प्रतिवन्ध लगाउनु भएको छ," कार्यालयका एक अधिकारीले भने। स्वास्थ्य सङ्कटकाल लगाइएको बारेमा सरकारी अधिकारीले शुक्रबार बेलुका जानकारी दिएका हुन्।

विषेश गरेर क्रिसमस र नयाँ बर्ष मनाउनका लागि धेरै भीडभाड तथा चहलपहल हुने र त्यही क्रममा कोरोनाभाइरसको सङ्क्रमण थप फैलिने खतरा देखिएकाले सङ्कटकाल लम्ब्याइएको उनीहरुको भनाइ छ।

विश्व स्वास्थ्य संगठनले गत बर्षको मार्च ११ तारिखमा कोरोनाभाइरसको असरलाई महामारी घोषणा गरेको थियो।

कोरोनाभाइरसका कारण विश्वभरी अहिलेसम्म सात करोड ५६ लाखभन्दा बढी मानिस सङ्क्रमित भएका छन् भने १६ लाख ७० हजारभन्दा बढीको मृत्यु भएको छ। ती मध्ये सबैभन्दा धेरै अमेरिकामा मात्रै तीन लाख १३ हजारभन्दा बढीको मृत्यु भएको र एक करोड ७४ लाखभन्दा बढी सङ्क्रमित भएको अधिकारीले जनाएका छन्। एजेन्सी

## बङ्गलादेशमा करिब पाँच लाख व्यक्ति कोभिड सङ्क्रमित

**बङ्गलादेश**/बङ्गलादेशमा कोभिड(१९ सङ्क्रमितको सङ्ख्या शनिबारसम्म करिब पाँच लाख पुगेको त्यहाँको सरकारले पुष्टि गरेको छ। शनिबार बङ्गलादेशमा थप सङ्क्रमित हुनेको सङ्ख्या एक हजार २६७ रहेको र २५ व्यक्तिको मृत्यु भएको छ।

बङ्गलादेशको स्वास्थ्य सेवा महानिर्देशनालयका अनुसार अहिलेसम्म बङ्गलादेशमा चार लाख ९९ हजार ५६० व्यक्तिमा कोभिड(१९ सङ्क्रमण पुष्टि भएको छ भने सात हजार २४२ व्यक्तिको मृत्यु भएको छ।

मुसलमान बहुल यस मुलुकमा विगत २४ घण्टामा १२ हजार ३०० सम्भावित व्यक्तिको नमूना परीक्षण गरिएकोमा करिब १० प्रतिशत सङ्क्रमित भेटिएका थिए।

बङ्गलादेशमा कोभिड(१९ सङ्क्रमित चार लाख ३५ हजार ६०१ व्यक्ति उपचारपछि निको भएर घर फर्किएका छन् भने शनिबार सङ्क्रमणमुक्त हुनेको सङ्ख्या एक हजार ९८७ रहेको महानिर्देशनालयले जनाएको छ।

सरकारी तथ्याङ्क अनुसार बङ्गलादेशमा कोभिड(१९ सङ्क्रमितमध्ये १.४५ प्रतिशत व्यक्तिको मृत्यु भएको छ भने अहिलेसम्म ८७.२० प्रतिशत व्यक्ति सङ्क्रमणमुक्त भएका छन्।

बङ्गलादेशमा एकै दिनमा सबैभन्दा बढी जुलाई २ मा चार हजार १९ व्यक्तिमा सङ्क्रमण पुष्टि भएको थियो भने जुन ३० मा एकै दिनमा सबैभन्दा बढी ६४ सङ्क्रमितको मृत्यु भएको थियो। एजेन्सी

# सुविधा सम्पन्न स्वास्थ्य चौकीको उद्घाटन



**राजविराज**/सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका ४ मधवापुरमा सोमबार एक कार्यक्रमबीच सुविधा सम्पन्न स्वास्थ्य चौकीको उद्घाटन गरिएको छ ।

प्रदेश २ का सामाजिक विकास मन्त्री नवलकिशोर साहले उक्त स्वास्थ्य चौकी भवनको उद्घाटन गरेका हुन् ।

स्वास्थ्य चौकी भवनको उद्घाटन गर्दै सामाजिक विकास मन्त्री साहले विगत ३० वर्षमा हुन नसकेको विकास कार्य दुई महिनामै प्रदेश २ सरकारले गरेर देखाइदिएको दाबी गरेका छन् ।

उनले प्रदेशका सबै स्थानिय तहमा आधारभुत स्वास्थ्य सेवा पुऱ्याउन आफू लागि परेको बताउँदै उपचारको अभावमा कसैले पनि ज्यान गुमाउन नपरोस् भन्ने सोचका साथ आफूहरु अघि बढेको जिकिर गरे ।

उद्घाटनसँगै १३ कोठे दुई तल्ले स्वास्थ्य चौकी भवनबाट थप सेवासहितको उपचार सेवा समेत प्रारम्भ भएको छ । सहरी विकास मन्त्रालयको सहयोगमा मुल्य अभिबृद्धी कर बाहेक २ करोड ५३ लाखको लगानीमा निर्माण गरिएको स्वास्थ्य चौकी भवनबाट बहिरङ्ग सेवाका साथै सुरक्षित मातृत्व, परिवार नियोजन, पोषण, क्षयरोग, औलो तथा कुष्ट रोग नियन्त्रण लगायत १६ वटा स्वास्थ्य सेवा प्रदान गरिने स्वास्थ्य चौकीका प्रमुख योगेन्द्र प्रसाद करोडिया यादवले जानकारी दिए ।

कार्यक्रममा जग्गादाता शैलेन्द्र चन्द्र झालाई प्रमुख अतिथि मन्त्री साहले दोसल्ला ओढाई सम्मान गरेका थिए । समाजसेवी एवं सप्तरीका चर्चित राजनीतिज्ञ स्व. कृष्णदेव झा र उनका धर्मपत्नि स्व. तारादेवी झाको स्मृती एवं सम्मानमा उनकै छोरा शैलेन्द्र चन्द्र झा र बुहारी संजुदेवीले स्वास्थ्य चौकी भवन निर्माणका लागि झण्डै डेढ करोड मुल्य पर्ने सात कठ्ठा जग्गादान गरेका थिए ।

# ज्यान मार्नेलाई जरिवाना, चोरी गर्नेलाई कैद

**राजविराज**/सप्तरी जिल्ला अदालतले ज्यान मार्ने मुद्दाका प्रतिवादीलाई धरौटीमा रिहा गरेको छ भने चोरी मुद्दाका आरोपितलाई कैद सजाय सुनाएको छ ।

जिल्लाको राजगढ गाउँपालिकाका ५५ वर्षिय सिताराम यादवलाई ज्यान मार्ने मुद्दामा ३० हजार धरोटीमा रिहा गर्ने फैसला सुनाएको हो ।

राजगढ गाउँपालिका २ बस्ने ७० वर्षिय सन्तु यादवको जाहेरीको आधारमा ५५ वर्षिय सितारामलाई ज्यान मार्ने उधोग मुद्दामा अदालतले ३० हजार धरौटी लिई तारेखमा रिहा गर्ने फैसला सुनाएको छ ।

त्यस्तै बोदेबरसाईन नगरपालिकाका ५५ वर्षिय जगदेव यादवलाई चोरीको मुद्दामा कैद र जरिवानाको फैसला गरेको छ ।

बोदेबरसाईन नगरपालिका वडा नं. ७ बस्ने ५५ वर्षिय जगदेव यादवलाई चोरी मुद्दामा कैद र जरिवाना असुर उपर गर्न कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# मोटरसाइकलसहित दुई चोर पक्राउ

**राजविराज**/मोटरसाइकल चोरी गरेको आरोपमा सप्तरीको रुपनी गाउँपालिका वडा नं. ६ बिरेन्द्र बजारबाट शनिबार साँझ दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

को.२६प. ६६९१ नं. को मोटरसाइकल चोरी भएपछि खोजतलास गर्ने क्रममा स्थानियले एक होटलमा मोटसाइकल पार्किङ गरिरहेको अवस्थामा उनीहरुलाई पक्राउ गरि प्रहरीलाई खबर गरेका थिए ।

चोरीको आरोपमा स्थानीयले मोटरसाइकलसहित दुवैजनालाई नियन्त्रणमा लिई प्रहरीको जिम्मा लगाएपछि अनुसन्धान कार्य सुरु गरिएको ईलाका प्रहरी कार्यालय रुपनीले जनाएको छ ।

चोरीको आरोपमा पक्राउ परेका युवाहरू राजबिराज नगरपालिकाको रहेको जनाइए पनि उनीहरुको नाम भने प्रहरीले खुलाएको छैन ।

केही दिन यता सप्तरीको बिरेन्द्रबजार र बिरेन्द्र बजारदेखि उत्तरपटी चुरे जंगलमा अस्थित शिवशनिधाम पर्यटक क्षेत्रमा आउनेहरुको मोटरसाइकल चोरी हुनथालेपछि प्रहरीले सो क्षेत्र लगायतका ठाउँमा निगरानी बढाएको छ ।

***हात्तिपीडितलाई ...***

वन्यजन्तु आरक्षबाट जंगली हात्तीले स्थानीय करिया सदा, जतरु सदा, रामलोचन सदा, टुरा सदा, बौका सदा, मन्जय सदा, रामदेव सदा, लक्ष्मण मण्डल, श्यामसुन्दर सदासहितका घर तोडफोड गर्नुका साथै अन्नपात खाँदा उनीहरु बिच्चलीमा परेका थिए ।

# भन्सार छलेको कपडासहित दुई पक्राउ

**राजविराज**/सप्तरी प्रहरीले भारतबाट नेपालतर्फ भन्सार छलेर ल्याउँदै गरेको तथा वेवारिसे अवस्थामा रहेको रेडिमेड कपडाहरुसहित दुई जनालाई पक्राउ गरेको छ ।

जिल्लाको बलान बिहुल गाउँपालिका वडा नं. ४ मौवा चौकमा भारतबाट नेपालतर्फ भन्सार छलेर स.४ प.५१७६ न.को मोटरसाईकलमा ल्याउँदै गरेको कुर्ता सुरुवालका कपडाहरु प्रहरीले बरामद गरेको हो ।

प्रहरी टोलीले फेला पारी मोटरसाईकलमा सवार जिल्लाकै खडक नगरपालिका वडा न.४ निवासी १८ वर्षिय राहिम खान र फारुक मोहमदसहित मोटरसाईकल, १८ पिस कुर्ता सुरुवालगरि १ लाख ४७ हजार मुल्य बरामदको सामानहरु बरामद गरेको छ ।

यस्तै प्रहरीले जिल्लाको बिष्णुपुर गाउँपालिका वडा न. ६ स्थितमा अबैध रुपमा भन्सार छली ल्याउँदै गरेको १ लाख १७ हजार ८ सय मुल्य बराबरको बिभिन्न रेडिमेडका लत्ताकपडाहरु बेबारिसे अवस्थामा फेला पारेको छ ।

ती दुवै स्थानमा बरामद भएको कपडा र पक्राउ परेका दुबैजनालाई आवश्यक कारवाहीको लागी राजबिराज भंसार कार्यालय तिलाठी पठाएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# आगलागिमा परेर एक बृद्धको जलेर मृत्यु

**राजविराज**/आगलागिमा परेर एक बृद्धको जलेर मृत्यु भएको छ ।

राजविराज नगरपालिका वडा नं. १६ बोरियामा शुक्रबार बिहान भएको आगलागिमा परेर मिश्रिलाल यादवका ८५ वर्षिय बुबा झलाई यादवको मृत्यु भएको हो ।

विद्युत सर्ट भई भएको आगलागिमा टिनको छाना तथा फुस र टाटीको बेराले बनेको घरका साथै लत्ता कपडा, भाडाकुडा, खाद्यान्नलगायतका सरसामान जलेर नष्ट हुँदा करिब ३ लाख रुँपैया बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

खाना खाएर राती १० बजेतिर घरआंगनमै रहेको गोठमा सुतेका उनी बिहान ३ बजेतिर अचानक विद्युत सर्ट भई आगलागि हुँदा भाग्न नसकेर जलेको र घटनास्थलमै मृत्यु भएको प्रहरीले बताएको छ ।

यता आगलागिमा एक चौपायसमेत जलेर मरेका छन् । राजविराज नगरपालिकाको बारुणयन्त्र, स्थानियवासी र प्रहरीको मद्धतले एक घण्टको प्रयासपछि आगोमाथी नियन्त्रण लिइएको थियो ।

# हात्तिबाट जोगिन भाग्ने क्रममा लडेर बृद्धको मृत्यु

**राजविराज**/हात्तिको आक्रमणबाट ज्यान जोगाएर भाग्ने क्रममा लडेर बेहोस भएका एक बृद्धको मृत्यु भएको छ ।

सप्तरीको सुरुङ्गा नगरपालिका ३ दौलतपुर निवासी ७० वर्षिय सिताराम साहको उपचारका क्रममा मृत्यु भएको हो ।

सोमबार मध्यरात घर बाहिर पिसाब फेर्न निस्केको बेला दुई वटा हात्तिलाई देखेपछि ज्यान जोगाउन भाग्ने क्रममा साह लडेर बेहोस भएका थिए । बेहोस भएपछि स्थानियहरुले उपचारका लागि लहानस्थित सप्तऋषि अस्पतालमा पुऱ्याएका थिए ।

सोही अस्पतालमा उपचारकै क्रममा सोमबार बिहान ४ बजेतिर उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

कोशी टप्पु वन्यजन्तु आरक्ष क्षेत्रबाट आउने गरेका जंगली हात्तिले केही दिनयता सो क्षेत्रमा उतपात मच्चाउने गरेको छ ।





नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*